# लैङ्गिक मैत्री समुदायमा आधारित घटना व्यवस्थापन तथा प्रेषण प्रणाली मार्गदर्शन, २०७७

# Gender friendly Community based case management and referral Mechanism Guideline, 2077

**प्रस्तावना :**

लैङ्गिक विभेदमा आधारित हिंसाबाट पिडीत/प्रभावित व्यक्तिहरुलाई सुरक्षित तवरले न्याय, उपचार र मनोविमर्श तथा मनोसामाजिक परार्मश लगायतका आवश्यक सेवाहरु सरल र सहज तरिकाले प्राप्त गर्न सकुन भन्ने उद्देश्यले यो प्रेषण प्रणाली सम्बन्धि जानकारी मार्गदर्शन तयार गरिएको हो । लैङ्गिक विभेदमा आधारित हिंसा पिडीत/प्रभावित महिला तथा किशोरीहरुले आफूमाथि भएको हिंसाका घटनाहरुको जानकारी एउटै थलोमा दिने तथा त्यस घटनासंग सम्बन्धित सबै सरोकारवालाहरुलाई त्यसै थलोबाट समन्वय गरि प्रभावितले आवश्यक स्वास्थ्य उपचार, सुरक्षा, न्याय, मनोविमर्श, सुरक्षित आवास जस्ता सेवाहरु पाउन सहज होस भन्ने उद्देश्यले "लैङ्गिक मैत्रि समुदायमा आधारित घटना व्यवस्थापन तथा प्रेषण प्रणाली" निर्माण तथा संचालन गर्ने भएको छ । यस "घटना व्यवस्थापन तथा प्रेषण प्रणालीमा आउँने पिडीत/प्रभावित महिला तथा किशोरीहरुलाई उनीहरुको अवस्था र आवश्यकता हेरी सहयोग गर्न विकास साझेदार संस्थाहरुले सुरक्षित स्थानहरु स्थापना गरी सहजिकरण गरीरहेको छ । यसरी विभिन्न स्थानबाट सहयोग हुदाँहुदै पनि कतिपय अवस्थामा पिडितहरुलाई विशेष सेवा तथा सहयोगको आवश्यकता पर्न सक्दछ । यस्तो अवस्थामा पिडितहरुलाई पूर्ण सहयोगका लागि उपयुक्त संस्थामा रेफर गर्नु आवश्यक हुन्छ । यसका लागि लैङ्गिक विभेदमा आधारित हिंसाबाट पिडीत/प्रभावित महिलालाई कहाँ र कसरी पठाउँने भन्नेमा स्पष्टता सहितको प्रेषण प्रणाली आवश्यक हुन्छ । त्यहि आवश्यकतामा केन्द्रित हुँदै यो "लैङ्गिक मैत्रि समुदायमा आधारित घटना व्यवस्थापन तथा प्रेषण प्रणाली" का सदस्यहरु तथा व्यवस्थापकहरुलाई लैङ्गिक विभेदमा आधारित हिंसाका घटनाहरुलाई आवश्यकता अनुसार सहयोग तथा

प्रेषण गर्नुका साथै समाजमा पुर्नस्थापित गरी व्यवस्थापन गर्न वाञ्छनीय भएकाले यो समुदायमा आधारित प्रेषण प्रणाली मार्गदर्शन तयार गरी कालिका नगरपालिका नगर कार्यपालिकाको मिति २०७७।०९।२९ बैठकबाट पारित गरी लागू गरिएको छ ।

## परिच्छेद-१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस मार्गदर्शनको नाम "लैङ्गिक मैत्रि समुदायमा आधारित घटना व्यवस्थापन तथा प्रेषण प्रणाली मार्गदर्शन, २०७७" रहने छ ।

(२) यो मार्गदर्शन तुरुन्त लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस प्रेषण प्रणाली मार्गदर्शनमाः

(क) "पीडित" भन्नाले लैङ्गिक हिंसाबाट पीडित वा प्रभावित व्यक्ति सम्झनु पर्छ । सो शव्दले कुनै पनि क्षेत्र जस्तैः घर, समाज, कार्यस्थल, सार्वजनिक स्थान, राजनीति वा अन्य अवस्थामा लिङ्गको आधारमा गरिने हिंसाजन्य व्यवहार, विभेद र हिंसा खपेर बस्न बाध्य व्यक्तिलाई समेत जनाउँछ ।

(ख) "लैङ्गिक हिंसा" भन्नाले महिला र पुरुषबीच स्थापित असमान शक्ति सम्बन्धका कारण महिला वा पुरुष भएकै कारण लिङ्गमा आधारित भई गरिने विभिन्न खाले हिंसा, हिंसाजन्य व्यवहार जस्ता कार्यहरु पर्दछन् । घरेलु हिंसा, बहुविवाह, सेवा सुविधाबाट वञ्चित जस्तै : नागरिकता, विवाह दर्ता, जन्म दर्ता, मृत्यु दर्ता नहुनु, स्वास्थ्य सेवामा हेलचक्र्याई गरिनु, स्थानिय स्रोत र साधन उपभोगमा विभेद, कार्यस्थलमा गरिने विभेद, यौनजन्य दुर्व्यवहार, सामाजिक कुरीतिजन्य तथा विभेदपूर्ण व्यवहार लगायत लैङ्गिकताका आधारमा हुने अन्य सबै खाले हिंसाहरु सम्झनु पर्छ ।

**अनुसूची-७**

**घटना अन्य निकायमा आवश्यक सहयोगको लागि रिफर गर्दा दिने निवेदनको ढाँचा**

मिति २०...../....../......

श्री कार्यक्रम अधिकृत ज्यू,

.................................

विषय :– आवश्यक सहयोग उपलब्ध गराईदिने सम्बन्धमा ।

यस्तो निवेदनमा निम्न कुराहरु उल्लेख गर्नु आवश्यक हुन्छ :

- घटनाको विवरण छोटो जानकारीका लागि मात्र
- हालसम्म उसले पाएको सेवा वा गरेका पहलहरु
- उ संग रहेका घटनासंग सम्बन्धित कागजात वा प्रमाणहरुबारे छोटो जानकारी ।
- उसले अब चाहेको सहयोगको विवरण सहितको निवेदन दिने र पीडित र रिफर गर्ने संस्था

(..................) अथवा रिफरल संयन्त्रका संयोजकको सहि गरि पठाउँने ।

निवेदक

...............................

............................. ...........................

कार्यक्रम अधिकृत पिडित

**आज्ञाले**
**गोपाल प्रसाद वगाले**
**प्रमुख प्रशासकीय अधिकृत**





(ग) "उजुरी सुन्ने निकाय" भन्नाले लैंगिक हिंसा विरुद्ध प्रचलित नेपालको कानून बमोजिम उजुरी सुन्ने अधिकार प्राप्त प्रहरी कार्यालय, राष्ट्रिय महिला आयोग, स्थानीय तह (न्यायिक समिति) वा अदालत वा हरेक जिल्ला, गाउँपालिका/नगरपालिका स्तरीय स्रोत व्यक्तिहरूको समूह तथा घटना व्यवस्थापन तथा प्रेषण प्रणाली ( रिफरल संयन्त्र) ले निर्धारण गरेको निकाय सम्झनु पर्दछ । यी निकायहरूद्वारा कानुनी कारवाही वा अन्य कुनै प्रकारको आवश्यक सहयोगका लागि उपयुक्त अधिकार प्राप्त निकायमा लग्न सक्नेछन् ।

(घ) समुदायमा आधारित प्रेषण प्रणाली भन्नाले लैङ्गिक विभेद तथा हिंसा पिडीत/प्रभावित महिला तथा किशोरीहरुले आफूमाथि भएका विभेद, हिंसा, शोषण जस्ता घटनाहरु विरुद्ध जानकारी/गुनासाहरु एकै थलोमा दिने तथा त्यस घटनासंग सम्बन्धित सबै सरोकारवालाहरुलाई त्यसै थलोबाट समन्वय गरि प्रभावितलाई आवश्यक सहयोग (स्वास्थ्य उपचार, सुरक्षा, न्याय, मनोविमर्श, मनोसामाजिक परामर्श, महिला सुरक्षित स्थान) सम्बन्धित सरोकारवाला निकायमा प्रेषण तथा घटना अभिलेखन तथा व्यवस्थापन गर्न सहजीकरण गर्ने प्रेषण प्रणालीलाई सम्झनु पर्दछ ।

(ङ) विकास साझेदार भन्नाले प्रचलित कानुन बमोजिम विभिन्न तरिकाबाट विकासमा सहयोग गर्ने संस्थाहरुलाई सम्झनु पर्दछ । साथै सो शब्दले गैरसरकारी संस्थाहरुलाई समेत जनाउने छ ।

(च) स्थानीय तह भन्नाले कालिका नगरपालिकालाई जनाउने छ ।

**३. प्रेषण प्रणाली मार्गदर्शन लागू हुनेः**

(१) लैङ्गिक विभेदमा आधारित हिंसा पिडीत/प्रभावित व्यक्तिको न्याय, सुरक्षा, स्वास्थ्य उपचार, मनोविमर्श सेवा प्राप्त गर्ने लगायतका आधारभूत अधिकार सुनिश्चितताका लागि कृयाशील घटना व्यवस्थापन तथा प्रेषण प्रणाली (रिफरल संयन्त्र) का सदस्यहरु, कर्मचारी तथा संलग्न अन्य सरोकारवाला निकायहरुलाई केन्द्रित गरि यो प्रेषण प्रणाली मार्गदर्शन तयार गरिएको हो र जो सुकैले पनि लैङ्गिक विभेदमा आधारित हिंसा पिडीत/प्रभावितलाई सहयोग गर्ने

क्रममा आवश्यक सूचनाका लागि यस प्रेषण मार्गदर्शनलाई सहयोगिको रुपमा लिई आवश्यकता अनुसार प्रयोग गर्न सक्ने छन् :

(२) लैङ्गिक विभेदमा आधारित हिंसा पिडीत/प्रभावितहरुको न्याय र अधिकारका क्षेत्रमा क्रियाशील सरकारी निकायहरु जस्तै : प्रहरी कार्यालय, कानून व्यवसायी, स्थानीय तह, प्रादेशिक तह, जिल्ला प्रशासन कार्यालय लगाएतका निकाय र त्यस निकायमा कार्यरत कर्मचारीहरुले ।

(३) लैङ्गिक विभेदमा आधारित हिंसा पिडीत/प्रभावितसंग प्रत्यक्ष रुपमा काम गर्ने व्यक्ति, संघसंस्था तथा निकायहरु जस्तै : पारालिगल कमिटीहरु, मानवअधिकार संजाल तथा समूहहरु, महिला समन्वय समिति, महिला अधिकारमञ्च, महिला सहकारीहरु ।

## परिच्छेद-२

**घटना व्यवस्थापन तथा प्रेषण गर्नका लागि निर्देशक सिद्धान्तहरू**

**४. प्रेषण प्रणाली मार्गदर्शनको कार्यविधी:**

**४.१ घटना व्यवस्थापन तथा प्रेषण समितिले लैङ्गिक हिंसा प्रभावितहरुका लागि सेवा प्रदान गर्दा अवलम्बन गरिने रिफरल प्रणाली :**

हिंसा पिडीत/प्रभावित महिलाहरुलाई सहयोग गर्नका लागि एउटा कुनै संस्था वा सरकारी निकाय मात्र प्रयाप्त हुदैन । यसको लागि एकिकृत प्रयास र सेवाको एकिकृत ढाँचा आवश्यक हुन्छ । यसका लागि घटना व्यवस्थापन तथा प्रेषण समितिले प्रभावकारी कार्यान्वयनका लागि समुदाय तथा जिल्ला स्तरीय बहुपक्षिय सरोकारवालाहरुसंग समन्वय राख्नु आवश्यक हुन्छ । यसका साथै घटना व्यवस्थापन तथा प्रेषण समिति आफुसंग सम्बन्धित संस्थाका केहि निर्दिष्ट मुल्य/मान्यता र सिद्धान्तहरुमा आधारित भई संचालन गरिनु पर्दछ ।

**४.२ मुल्य/मान्यता र सिद्धान्तहरु :**

❖ लैङ्िक विभेद तथा महिला हिंसाका घटनाहरुमा पीडितले सो घटना व्यवस्थापन तथा प्रेषण समितिबाट के कस्ता सेवाहरु पाउँन सक्छ भन्ने बारेमा स्पष्ट जानकारी दिने व्यवस्था ।





(घ) पीडितको उमेर, वैवाहिक विवरण र अन्य विवरणहरू

(ङ) पीडितको पीडक सँगको सम्बन्ध (घटना हुनु अगाडि र पछिको सम्बन्धको बारेमा) लेख्नु पर्दछ ।

(च) पीडकको संख्या कति थियो ?

(छ) पीडकको उमेर साथै अन्य व्यक्तिगत विवरण

(ज) हालसम्म पीडितलाई के कस्तो र कहाँ कहाँबाट कस्ता सेवाहरू दिइएको छ, अथवा उनलाई सेवा दिने कार्यालयले कहि रीफर गरेको भए सो को विवरण र अब गर्नु पर्ने काम वा सहयोगको बारेमा उल्लेख गर्नु पर्दछ ।

(झ) हालसम्म पीडितले वा सो घटनाले के-कस्तो उपलब्धीहरू हासिल गरे को छ ? सोको बारेमा उल्लेख गर्नु पर्दछ ।

## अनुसूचि :५

**घटना रिफरको लागि पीडितको सहमति पत्रको नमुना**

१. सहमति लिने निकायको नाम:

२. सहमति दिने पीडितको नाम:

३. सहमति लिए दिएको स्थान र मिति:

४. घटनो सार्वजनिक गर्न पर्ने कारण:

५. पीडितको सहमतिको व्यहोरा :

..........................................................................

..........................................................................

..........................................................................

सहमति दिने पीडितको सहीछाप        सहमति लिने व्यक्तिको सहिछाप र पद

अधिकार हनन्का घटनाहरू अभिलेख राख्ने विषय हुने र त्यस्ता घटनाको विवरण सङ्कलन गरी त्यसबारे स्पष्ट रूपमा विवणात्मक प्रतिवेदन तयार गरिनु पर्दछ ।

(च) घटनाको कानुनी पक्षको बारे स्पष्ट उल्लेख गर्नु पर्दछ जस्तै : घटना कुन प्रकृयाले अगाडि बढिरहेको छ, कुन नतिजा वा अवस्थामा पुगेको छ र पीडितको उपचारको लागि गरिएका पहलहरूको विवरण हुनु पर्दछ ।

(छ) घटना सङ्कलन फारम तयार गर्दा एकरूपता हुनु पर्दछ ।

(ज) घटना सम्बन्घि ठोस प्रमाणहरूकोबारे उल्लेख गर्नु पर्दछ । जस्तै मेडिकल रिर्पोट फोटो, पुलिस रिर्पोट, लत्ता कपडा (प्राप्त भएमा), घटना घटेको देख्ने व्यक्तिको वयान ।

(झ) सम्बन्धित व्यक्ति वा संस्था आफै संलग्न भई घटनाको लागि कार्य गरि आएको हो भने त्यसबारेमा पनि सरोकारवालाहरूलाई जानकारी दिनु पर्नेछ ।

**घटनाको अनुगमन :**

(क) घटनाको अभिलेखन पश्चात पीडितलाई न्याय दिलाउँनको लागि के कस्तो पहल भएको छ सो कुराको जानकारी लिने र सरोकार वालाहरूलाई समेत जानकारी गराउनु पर्दछ ।

(ख) पीडित घरमा नै बसेको छ भने सरोकारवालाहरूले समय समयमा उनलाई भेटि कुराकानि गरि वा घरमा नै गएर पनि अनुगमन गर्न सकिनेछ ।

(ग) अनुगमन गर्दा अनुसूची-६ बमोजिमको फारम प्रयोग गर्न सकिनेछ ।

**घटनाहरूको तथ्याङ्क व्यवस्थापन:**

(क) घटना संख्या (घटनाको प्रकार अनुसार)

(ख) घटना घटेको समय (बिहान, मध्यान, दिउसो, राती, साँझ)

(ग) घटना घटेको स्थान र स्पष्ट ठेगाना उल्लेख गर्दा पीडितको पहिचान हुनसक्ने कुरालाई ध्यान दिनु पर्दछ ।





- ❖ उक्त घटना व्यवस्थापन तथा प्रेषण समितिमा उपलब्ध नभएका सेवाहरुको संदर्भमा यदि पिडीतलाई विशेष कुनै सेवा/ उपचार आवश्यक छ भने त्यस्ता घटनालाई कहाँ, कसरी प्रेषण गरिन्छ भन्नेबारे जानकारी ।
- ❖ यसरी प्रेषण गर्दा आवश्यक चिजहरु के के हुनु पर्दछ ।
- ❖ यि सबै कार्य गर्दा पिडीत/प्रभावितको गोपनियता कायम गर्ने ।
- ❖ सबै कार्यहरु मानव अधिकारमुखी दृष्टिकोणबाट गर्ने ।

**५. प्रेषण प्रणाली:**

घटना व्यवस्थापन तथा प्रेषण समितिले कुनै पनि सेवाका लागि तयार गरिएको प्रेषण प्रणाली सम्बन्धित विषयमा सेवा दिने विभिन्न तहमा रहेका सेवा प्रदायक वा सहयोगी निकायहरु बीच सम्बन्ध स्थापित गरि, अर्थपूर्ण र प्रभावकारी समन्वय गर्ने माध्यम हो ।

सैद्धान्तिक रुपमा यस्ता खालका प्रेषण प्रणाली बनाउँदा स्थानिय समुदायको (जिल्लामा) अवस्थित सबै सरकारी निकायहरु र अन्य संघसंस्थाहरुसंग समन्वय गर्नु आवश्यक हुन्छ । तर व्यवहारमा लैङ्गिक हिंसाबाट पिडीत/प्रभावितको पक्षबाट हेर्दा कतिपय अवस्थामा प्रहरी र सरकारी वकिलको कार्यालय तथा अन्य न्याय प्रदायक निकायहरु जस्तै : जिल्ला प्रशासन कार्यालयसंगको प्रत्यक्ष प्रेषण प्रणाली सहयोगी हुँदैनन् । यि निकायहरुसंग सहयोग आवश्यक भएता पनि पिडीत/प्रभावितको स्वीकृती विना यिनीहरुसंग सहयोग लिनु मिल्दैन । यसमा थप के हेक्का राख्नु जरुरी हुन्छ भने धेरै पिडीत महिलाहरु आफ्नो पिडाको लागि उपचार खोज्न आउँछन् । उनीहरुलाई मनोविमर्श मनोसामाजिक परामर्श तथा अन्य समान्य सहयोगको मात्र आवश्यकता हुन्छ । त्यसैले उनीहरु आफ्नो पिडाका बारेमा प्रहरीमा उजुरी गर्न चाहदैनन, न त अदालत नै जान चाहन्छन् । त्यसैले उनीहरुको गोपनियताको सुनिश्चितताका लागि घटना व्यवस्थापन तथा प्रेषण समितिले समुदायमा रहेका बहुपक्षिय सरोकारवाला निकायहरुसंग आवश्यकता पर्दा सहयोग लिन सक्ने गरि सम्बन्ध राख्नु पर्दछ ।

## परिच्छेद-३

**लैङ्गिक हिंसाका घटना व्यवस्थापन तथा प्रेषण समितिका लागि घटना प्रेषणका लागि प्रमुख समन्वयकारी निकायहरू:**

६. **समुदाय स्तरमा रहेका समन्वयकारी निकायहरू :**

- स्थानीय तह (न्यायिक समिति)
- महिला समूहहरु, आमा समूहहरु
- महिला सहकारी संस्थाहरू
- महिला स्वास्थ्य स्वयम सेविकाहरु
- मानव अधिकारकर्मीहरुको संजाल
- ईलाका प्रहरी चौकी
- गैर सरकारी संस्थाहरू
- महिला सुरक्षित स्थानहरु
- स्थानिय विद्यालयका शिक्षकहरु मध्येबाट एक जना Focal Person ।
- मानव ओसारपसार तथा वेचविखन विरुद्धको स्थानीय स्तरका समिति ।

७. **जिल्ला स्तरमा रहेका समन्वयकारी निकायहरू**

- जिल्ला प्रशासन कार्यालय
- जिल्ला सरकारी वकिलको कार्यालय
- जिल्ला बार एसोसिएसन
- जिल्ला प्रहरी कार्यालय
- जिल्ला स्वास्थ्य कार्यालय
- महिला तथा बालबालिका सेवा केन्द्र (महिला सेल)
- अधिकारकारकर्मिहरुको संजाल
- गैर सरकारी संस्थाहरू
- महिला मैत्रि आवास संचालन गर्दै आएका संस्थाहरु
- जिल्ला कानुनी सहायता समिति
- सेफ हाउस
- बाल हेल्पलाइन
- पत्रकार महासँघ





खण्ड ग-

- पीडितको पीडक संगको सम्बन्ध

खण्ड घ- घटना पछिको विवरण

क) घटनाको बारेमा पहिले कतै जानकारी गराएको वा उजुरी गरेको वा सहयोगको लागी अनुरोध गरेको भए सो को विरण कहाँ, कहिले, कसरी र हाल के भएको छ जस्ता कुराहरु लेख्ने ।

ख) घटना संग सम्बन्धित दसी प्रमाण

ग) घटना कानुनी रुपमा कुन प्रकृयाबाट अगाडी बढीरहेको छ र कुन अवस्थामा पुगेको छ ।

घ) हिंसा पीडित उपचारको लागि पहल गरिएको विवरणहरु ।

ङ) पीडितले सेवा पाएको भए के कस्तो सेवा को बाट पाएको छ सो को विवरण ।

च) पीडितको हालको अवस्था

**घटनाको अभिलेख राख्दा ध्यान दिनु पर्ने कुराहरु :**

**(१) घटनाको अभिलेख राख्दा देहाय बमोजिम राख्नु पर्नेछः-**

(क) घटनाको सत्य तथ्यको बारेमा सम्बन्धित व्यक्तिसँग वा पीडितको परिवार वा आफन्तसँग घटना भएको स्थानमा पुगी तालिम प्राप्त व्यक्तिबाट विवरण सङ्कलन गरी अभिलेख तयार गर्ने,

(ख) प्रतिवेदनमा घटना घट्नु अघि र पछिको विवरणहरू स्पष्ट उल्लेख गरिएको हुनु पर्ने,

(ग) पीडक र पीडितको पूर्व सम्बन्ध, वर्तमान सम्बन्ध र भविष्यमा रहने अनुमानित सम्बन्ध कस्तो छ उल्लेख हुनु पर्नेछ ।

(घ) घटनाको विस्तृत विवरण अनुसूची-४ बमोजिमको ढाँचामा तयार गर्नु पर्नेछ ।

(ङ) बलात्कार, कुटपिट, घर निकाला, विभिन्न आरोपहरू लगाई समाजबाट बहिष्कार, कुटपिट, बोक्सीको आरोप तथा अभद्र व्यवहार जस्ता महिला

**अनुसूचि : ४**

**हिंसाका घटना अभिलेखिकरण फारम**

**खण्ड क- परिचय**

- पिडितको नाम र ठेगाना :
- जातजाति:
- उमेर:
- शिक्षा विवरण:
- वैवाहिक अवस्था:
- पेशा :
- सम्पर्क नं. : सम्पर्क व्यक्ति :

**खण्ड ख- घटना विवरण**

- घटना भएको मिति :
- घट्ना स्थल
- घटना हुनुको कारण :
- घटनाको प्रकार : कुटपिट, बहुविवाह, जबजस्तीकरणि, आरोप, धम्की, मानसिक तनाव दिएको, अंगभगं आदि ।
- घटनाको विवरण

क) घटना हुनु भन्दा पहिलाको विवरणहरु

ख) घटना घटेको समयमा भएका विवरणहरु

ग) घटना पछीको पीडितको अवस्था

घ) घटना हुँदाको परिवेश र वातावरण

ङ) घटनाको पिडक अथवा संलग्न आरोपीहरुको विवरण





❖ गैर सरकारी संस्था महासंघ

❖ मानव अधिकार संरक्षण तथा मानव वेचविखन विरुद्धको सञ्जाल

**८. केन्द्रस्तरमा रहेका समन्वयकारी निकायहरू**

❖ राष्ट्रिय महिला आयोग

❖ महान्यायधिवक्ताको कार्यालय

❖ प्रहरी प्रधान कार्यालय, महिला बालबालिका सेवा निर्देशनालय

❖ महिला मानवअधिकार रक्षकहरुको राष्ट्रिय संजाल

❖ केन्द्रिय बार एसोसिएसन

❖ महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय

❖ प्रधान मन्त्री तथा मन्त्री परिषदको कार्यालयमा रहेको लैङ्कि हिंसा विरुद्धको उजुरी सुनवाई इकाई

❖ केन्द्रिय कानुनी सहायता समिति

**९. लैङ्गिक हिंसाका घटना व्यवस्थापन तथा प्रेषण समितिले घटना व्यवस्थापन तथा प्रेषण गर्दा अपनाउनु पर्ने सिद्धान्तहरु : कुनै पनि हिंसा पिडीत/प्रभावित महिलालाई सहयोग गर्दा निम्न ३ सिद्धान्तमा आधारित भई गर्नु पर्दछ :**

❖ मानव अधिकारमुखि शैलि : यो शैलि मानव अधिकारको प्रवर्द्धन र संरक्षणमा विशेष केन्द्रित हुन्छ ।

❖ पिडीत/प्रभावितमुखी शैलि: यो शैलिमा पिडीत/प्रभावितका अधिकार, आवश्यकता र चाहनाहरु केन्द्रमा हुन्छन् ।

❖ लैङ्गिक विभेद निर्दिष्ट शैलि : यो शैलिले लैङ्गिक विभेदमा आधारित हिंसा र त्यसले महिला र बालबालिकाहरुमा पर्ने प्रभाव समेतमा केन्द्रित हुन्छ ।

त्यसैगरि लैङ्गिक हिंसाका घटना व्यवस्थापन तथा प्रेषण समितिमा आएका घटनाहरुलाई मानवअधिकारमुखी, पिडीतमुखी शैलीबाट लैङ्गिक संवेदनशिलताका साथ व्यवस्थापन गर्नु जरुरी हुन्छ । यसरी व्यवस्थापन

गर्दा समाजमा लैङ्गिक हिंसाले महिलामा पर्ने वा पारेको प्रभाव प्रति पनि संवेदनशिल हुनु जरुरी हुन्छ ।

**१०. लैङ्गिक हिंसाका घटना व्यवस्थापन तथा प्रेषण प्रणालीका सम्भावित चुनौतीहरुः**

प्रेषण प्रणालीलाई दिगो र प्रभावकारी बनाउनका लागि समय र धैर्यता आवश्यक हुन्छ । प्रेषण प्रणालीबाट प्रत्यक्ष देखिने परिणाम प्राप्त गर्नका लागि केहि समय लाग्दछ । यसको सफलताका लागि हिंसा पिडीत/प्रभावितको अधिकारका लागि काम गर्ने सबै सरोकार वाला निकायहरुको सहयोग र सहकार्यको आवश्यकता भए पनि यस्ता प्रणालीहरुको सफलता भने सरोकारवाला निकायहरु कतिको व्यवसायीक, जिम्मेवार र जवाफदेहि छन, उनीहरुमा विषयप्रतिको विशेषज्ञता र संवेदनशिलता कतिको छ भन्ने कुराले निर्धारण गर्दछ । त्यसैले प्रेषण प्रणाली भित्रका मख्य सरोकारवाला छनौट गर्दा विषय प्रतिको विशेषज्ञता र पीडितलाई प्रत्यक्ष सेवा पुऱ्याउन सक्ने क्षमता भएका निकाय वा व्यक्तिको छनौट गर्नु पर्दछ ।

**११. लैङ्गिक हिंसाका घटना व्यवस्थापन तथा प्रेषण प्रणालीका समुदायका सम्भावित सरोकारवालाहरु निम्न रहन्छन :**

- ❖ समुदायस्तरमा सबैले विश्वास गरेको साथै सबैलाई अभिभावकको रुपमा सहयोग गर्दै आएका समाजसेविहरु
- ❖ महिला समूह, आमा समूह, सहकारीका पदाधिकारीहरु तथा महिला स्वास्थ्य स्वयम सेविकाहरु
- ❖ राजनिति दलका सदस्यहरु
- ❖ स्वास्थ्य चौकिका पदाधिकारीहरु
- ❖ प्रहरी चौकिका पदाधिकारीहरु
- ❖ मनोविमर्शकर्ताहरु तथा मनोसामाजिक परामर्शकर्ता
- ❖ स्थानियस्तरमा काम गर्दै आएका गैर सरकारी संस्थाका प्रतिनिधिहरु





१६. संस्थाको आन्तरिक निर्णयको बारेमा कहिल्यै कसैलाई पनि सुनाउन वा सोको बारेमा कुनै अभिव्यक्ति दिन पाईने छैन । तर आवश्यक परे आन्तरिक बैठकमा आफ्नो असहमतिको बारेमा प्रश्न गर्न पाईने छ । त्यसको जवाफ शुरुमा कार्यकारी निर्देशकले दिने छन् र त्यसबाट पनि चित्त नबुझे कार्य समितिको बैठकले निर्णय गर्ने छ ।

१७. माथिका कुनै पनि नियम उल्लंघन गरेको खण्डमा यस संस्थाको कार्य समितिले तीन सदस्य एक एक्सन कमिटी बनाई त्यसको सिफारिसको आधारमा अध्यक्षबाट के कस्तो नसियत वा सजायको व्यवस्था गर्ने भन्ने निणर्य हुनेछ ।

१८. माथिका कुनै पनि आचार संहिता उल्लङ्घन गरेको खण्डमा सर्वप्रथम कार्यकारी अध्यक्ष र/वा कार्यकारी निर्देशकले सम्बन्धीत व्यक्तिलाई मौखिक वा लिखित स्पष्टिकारण लिने छन् । स्पष्टिकरणको आधार मा आवश्यकता अनुसार सामान्य प्रकृतिको गल्ती भएको खण्डमा एक पटकको लागि सुध्रीने अवसर दिने र माफी दिने हुन सक्छ भने दोस्रो पटक वा सो भन्दा पनि बढी पटक उही गल्ती दोहोऱ्याएमा क्षेतिपूर्ती तिराउने, केहि समयको लागि जिम्मेवारीबाट निलम्बन गर्ने तथा सधै को लागि जिम्मेवारी बहन गर्न अयोग्य घोषित गर्ने सम्मको व्यवस्था कार्यकारी अध्यक्ष र कार्यकारी निर्देशकको सिफारिसमा कार्य समितिले निर्णय गरे अनुसार हुने छ ।

आधारमा सफाईको मौका दिई गरिने छ र सोको प्रस्ताव कार्यकारी निर्देशकले कार्यकारी समितिको बैठक बोलाई बैठकमा राखेर गर्नु पर्ने छ । सम्बन्धित पदाधिकारीबाट नै त्यस्ता त्रुटि हुन गएमा पदाधिकारी मध्ये जो कोहिले पनि प्रस्ताव राख्न सक्नेछन् ।

११. संस्थाका कुनै पनि गोप्य तथा सार्वजनिक नगरिएका कागजात जस्तै, घटना अध्ययन, मुद्दाका फाइल, प्रस्तावना, प्रतिवेदन, बैठक निर्णय पुस्तिका, चिठीपत्र तथा अन्य कुनै पनि कागजात आफ्नो टिम भन्दा बाहिरका व्यक्ति तथा संस्थालाई दिन र देखाउन पाइने छैन । तर सरोकारवाला व्यक्ति तथा संस्थालाई भने देखाउन पाइने छ । सरोकार नराख्ने व्यक्ति तथा संस्थाले त्यस्ता सामाग्रीको माग गरेको खण्डमा कार्यकारी निर्देशकको स्वीकृतिमा मात्र गरिने छ ।

१२. यस संस्था तथा सुरक्षा बासका सरसामानहरु संस्थाका सदस्य तथा कर्मचारी भन्दा बाहिरका मान्छेलाई प्रयोग गर्न दिन पाइने छैन । यदि संस्थाको काम विशेषले कसैलाई प्रयोग गर्न दिनु पर्‍यो भने एक पटकको लागि कुनै पनि सदस्य वा कर्मचारीले अनुमति दिन सक्नेछ तर पटक पटक प्रयोग गर्न दिनु परेको खण्डमा कार्यकारी निर्देशकको स्वीकृतिमा मात्र दिन सकिने छ । त्यसको जवाफदेहि कार्यकारी निर्देशक हुनुपर्ने छ ।

१३. संस्थाको सम्पत्तिको संरक्षण गर्नु सम्पूर्ण सदस्यको दायित्वभित्र पर्दछ ।

१४. संस्थाको कार्यालयभित्र संस्थाका सदस्यहरुले सधैं सबैसँग सम्मान जनक व्यवहार गर्नुका साथै कुनै पनि जात जातीयता, धर्म संस्कृति, वर्ग, लिंग, शारिरीक बनौट, उमेर, रगं, वर्ण, पेशा, राष्ट्रियता, भेषभुषा, रहनसहन, खाना तथा बानी व्यवहार आदिको आधारमा भेदभाव गर्न र भेदभावपूर्ण शब्दको प्रयोग र व्यवहार गर्न पाईने छैन ।

१५. कुनै पनि व्यक्तिगत व्यवहार, बोल्ने शैली, भेषभुषा, खाद्यान्न, आदिले अरु कसैलाई अपमान हुन जान्छ वा धेरै जनालाई असहज हुन जान्छ भने त्यस्तो अवस्थामा त्यस्ता व्यवहारहरुलाई परिवर्तन गर्न बैठकले निर्देशन दिन सक्ने छ ।





(२) यो मार्गदर्शन बमोजिमको कार्यलाई व्यवस्थित, प्रभावकारी, लाभग्राही मैत्री बनाउने समन्वयात्मक रुपबाट कार्य गर्न देहाय बमोजिमको नगर पालिका स्तरीय प्रेषण समिति रहनेछ ।

| | |
|---|---|
| नगरपालिकाको उपप्रमुख | संयोजक |
| नगरपालिकाको सामाजिक विकास समिति संयोजक | सहसंयोजक |
| प्रहरी कार्यालय चौकी | सदस्य |
| विभिन्न गैरसकारी संस्थाहरुमध्येबाट प्रेषण समितिको संयोजकले मनोनित गरेका १ महिला र १ जना मनोविमर्शकर्ता सहित २ जना | सदस्य |
| नगरपालिकाका कानुनी शाखा प्रमुख | सदस्य |
| बालबालिका शाखाको प्रमुख | सदस्य |
| मानव अधिकार संरक्षण तथा मानव वेचविखन विरुद्धको सञ्जाल संयोजक | सदस्य |
| प्रधानाध्यापकहरु मध्ये १ जना | सदस्य |
| मेलमिलाप समिति १ जना | सदस्य |
| स्वास्थ्यशाखा प्रमुख | सदस्य |
| पत्रकार १ जना | सदस्य |
| नगरपालीकाको महिला विकास अधिकृत | सदस्य सचिव |

**१२. लैङ्गिक हिंसाका घटना व्यवस्थापन तथा प्रेषण प्रणालीमा आएका हिंसा पीडित/प्रभावितहरुलाई चरणवद्ध रुपमा निम्न अनुसार सहयोग गर्नुपर्दछ** :

**पहिलो चरण** :

पिडीत/प्रभावितलाई सहज तवरले बसाउने, पानी खान मन छ कि भनेर सो ध्ने र सहज वातावारण बनाउन प्रयास गर्ने ।

**दोस्रो चरण** :

म तपाईलाई कसरी सहयोग गर्न सक्छु भनेर प्रश्न गर्ने । यो चरणमा नाम र ठेगाना सोध्ने (के भयो भनि सोध्नु र टिप्न आवश्यक हुदैन)

**तेस्रो चरण** :

महिललाई उनि सुरक्षित छन र उनको कुरा गोप्य रहने छ भन्ने कुरामा विश्वस्त गराउनु पर्दछ । यदि महिलाले आफुमाथि भएको हिंसाको कुरा गर्दिनन भने र पनि उसको व्यक्तिगत र पारिवारीक विवरण नलिने । उनले हिंसा सम्बन्धमा केहि भनिनन् भने दबाव नदिने । फेरी छिट्टै आउनु भनि follow-up को मिती दिएर पठाउने ।

**चौथो चरण**:

यदि हिंसाका बारेमा बताइन् भने उनलाई गोप्य कोठामा लगेर के भएको हो राम्रोसंग बिस्तारै सोध्ने । उनको सहमती लिई उनलाई तपाईले नचाहदाँसम्म तपाईको नाम बाहिर जाँदैन भन्नेमा स्पष्ट बनाए पछिमात्र उनको नाम, ठेगाना आदि विवरण लेख्ने । पीडितलाई तपाईलाई के भएको भन्ने बारेमा प्रश्न गर्ने र पूर्ण विवरण भन्नु भन्ने । आफूले दबाव भने नदिने ।

**पाँचौ चरण**:

आवश्यकता अनुसारको सबै विवरणहरु भेला गर्ने । पिडितको अवस्था हेरी कतिपय घटनामा पिडितलाई के भएको हो व्यक्तिगत कुराकानी गरि गोपनियता भंग हुन नदिनका लागि उनले भनेका गोप्य कुराहरु एउटा भिन्दै कागजको पानामा लेखेर राख्नु पर्ने हुन्छ ।

**छैठौ चरण**:

महिलालाई महिला मैत्रि आवासको आवश्यकता भए समन्वय गरि पठाउने । त्यहाँ उनलाई निरन्तर मनोविमर्श गर्ने व्यवस्था मिलाउने ।

**सातौं चरण** :

महिलाले आफु कानुनी प्रक्रियामा घटनालाई अगाडि बढाउन चाहन्छिन भने यसको लागि आवश्यक पहलका लागि सहयोग गर्ने । प्रहरीलाई जाहेरी गर्छु भनिन भने प्रहरीमा घटना दर्ता गराउने । आफूसंग भएको घटनाको विस्तृत जानकारी प्रहरीलाई दिने । आफूसंग भएका प्रमाणहरु प्रहरीलाई उपलब्ध गराउने ।





**आचार संहिताहरु**

१. यो एक गैर मूनाफा मुलक संस्था भएको हुँदा यसमा नाफा कमाउने उद्देश्यले कुनै पनि गतिविधि गरिने छैन । तर यसको सञ्चालन गर्नको लागि आवश्यक पर्ने अर्थ व्यवस्थाको लागि भने संस्थाका सञ्चालक, कार्यकारी समिति तथा कर्मचारीहरुले सामुहिक निर्णय गरेर यस्ता गतिविधि विधान सम्मत हुने गरी गरिनेछन् ।
२. यस संस्थासँग आवद्ध संस्थापक सदस्य, कार्यकारी सञ्चालक समितिका सदस्थ तथा कर्मचारीहरुले संस्थाको मुल्य मान्यता एवं परिकल्पना अनुसारको आचरण एवं व्यवहार गर्नु पर्नेछ ।
३. संस्थाको प्रतिष्ठामा आँच आउने खालको गतिविधिमा संलग्न रहेमा वा देखिएमा खराब आचरण मानिनेछ ।
४. दान, उपहार, चन्दा आदि प्राप्त गर्न र सापटी लिन नपाईने तर संस्थाको हितको लागि खास अवस्थामा लिनु परे कार्यकारी समितिको स्वीकृति लिएर मात्र लिन पाइनेछ ।
५. यस संस्थामा पूर्णकालिन कर्मचारीको हैसियतमा पारिश्रमिक लिएर काम गर्ने कर्मचारीले कार्यालयको पूर्व स्वीकृती वेगर आफ्नो पदीय दायित्वमा प्रतिकुल असर पर्ने गरी कुनै व्यापार व्यवसाय गर्न पाइने छैन ।
६. सुरक्षाबासमा आएका कुनै पनि सेवाग्राही राजनीतिक पदको लागि हुने निर्वाचनमा भाग लिन वा कसैको निमित्त मत माग्न वा कुनै प्रभाव पार्ने कार्य गर्न पाइने छैन । तर कानून बमोजिम निर्वाचनमा मतदान गर्न पाउने हक भने । सुनिश्चित रहने छ ।
७. यस संस्थाका कार्यकारी सदस्य, कर्मचारी, यसमा आवद्ध कुनै पनि व्यक्तिले कुनै किसिमको प्रदर्शन र हडताल गर्न पाईने छैन ।
८. कानून बमोजिम दर्ता भएको आफ्नो पेशागत वा सामाजिक संस्थाको सदस्य बाहेक अन्य संघ संस्थाको सदस्य भई काम कारवाही गर्न पाईने छैन ।
९. कर्मचारीहरुले कार्यालयलाई हानी नोक्सानी पुर्‍याउने कुनै कार्य गरिने छैन ।
१०. कुनै पनि कर्मचारीलाई आचरण सम्बन्धी कारवाही गर्दा तथ्यगत प्रमाणको

## अनुसूचि : ३

## ........................ भूकम्प पीडित सुरक्षाबासको सुरक्षा सम्बन्धी आचार संहिता, २०७३

...................... सुरक्षाबास एक स्वतन्त्र, गैर राजनीतिक, गैर नाफामुलक संस्था हो । यो भूकम्प पीडितहरुको मानव अधिकार तथा महिला अधिकार का लागि कार्य गर्ने, नीतिगत परिवर्तनका लागि पैरवी, वकालत, अध्ययन तथा अनुसन्धानका साथै सुरक्षाबासमा आधारित विकासका गतिविधिहरु गर्ने गर्दछ । यसले भूकम्पबाट जोखिममा परेका महिला तथा बालबालिकाहरुलाई कानूनी सहायता, महिलाहरुको क्षमता अभिवृद्धिका साथै महिला र सिमान्तकृत समुदायको अधिकार, पूनरबास सम्बन्धी विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ । यसरी कार्यक्रम संचालन गर्ने क्रममा सुरक्षाको लागि आवश्यक पर्ने मूल्य मान्यता तथा आन्तरिक अनुशासन व्यवस्थाले संस्थाका दैनिक गतिविधिहरु सञ्चालन गर्न अझ प्रभावकारी हुने र यसलाई अनुशासित तथा व्यवस्थित गर्न आवश्यक पर्ने केहि महत्वपूर्ण आन्तरिक नीति नियमहरु यस प्रकार अवलम्बन गरिएका छन् ।

.................. सुरक्षा बासको आचार संहिता भन्नाले व्यवस्थापन पक्षले दैनिक कार्य संचालन प्रकृया सजिलो तथा पारदर्शी बनाउन तयार पारेको नीति नियम भन्ने बुझिनेछ । यस प्रकारको व्यवस्थाले भूकम्प पीडित सुरक्षा बाससँग आवद्ध सम्पूर्ण सदस्य तथा सेवाग्राहीलाई जिम्मेवारी निभाउने सिलसिलामा कुनै त्रुटि नगर्न र यदि त्यस्तो त्रुटि भएमा कारवाहीको भागिदार समेत हुनुपर्ने व्यवस्था गरिएको छ ।

यो आचार संहिता भन्नाले यस ............ का भूकम्प पीडित सुरक्षा बासका सदस्य, कर्मचारी तथा यससँग आवद्ध व्यक्तिलाई लागु हुने आन्तरिक नियम भन्ने बुझ्नु पर्ने छ ।





**आठौ चरणः**

महिला सुरक्षित स्थानमा निमयअनुसार तोकिएको अवधि वा दिनसम्म राख्ने । त्यस पछि महिलालाई कहाँ र कसरी घटना व्यवस्थापन समितीले सरोकार वाला निकायसंग छलफल गरि व्यवस्थापनको काम अगाडी बढाउने । अन्य सरोकारवाला निकाय वा गै.स.सं. हरुद्वारा महिला सुरक्षा आवास संचालन गरिएको छ भने ति निकायहरुसंग समन्वय गरि प्रेषण गर्ने ।

**विचार पुऱ्याउनु पर्ने कुरा**

घटना विवरण एकै ठाउँमा लिने गर्नु पर्दछ । घटना लिदा फाईलमा पिडीतको नाम भने गोप्य राख्नु पर्दछ । फाईलमा कोड नम्बर राख्नु पर्दछ । पिडीतको सहि नाम आफ्नो गोप्य फाईलमा हुनु पर्दछ । महिला सुरक्षित स्थानमा महिलाको व्यक्तिगत र अन्य सबै सुरक्षाको पूर्ण ध्यान दिनु पर्दछ र पिडीतको घटनाको पूर्ण जानकारी भएको फाईल सुरक्षित तरिकाले राख्नु पर्दछ । महिला सुरक्षित स्थानबाट महिलाहरुलाई महिला मैत्रि आवास सेवामा पढाउँदा उक्त महिला कहिले आएको हो, उसको घटनाको कोड नं कति हो भन्ने कुरा आफ्नो फाईला राख्नु पर्दछ । यदि महिला सुरक्षित स्थानमा मनोविमर्श सेवा, सामाजिक मनोपरार्मश सहायता दिने व्यवस्था गर्नु परेमा मनोविमर्शकर्ताले गोप्य फाईल बनाएर राख्नु पर्दछ । महिलाको गोपनियताको सम्मान गर्दै उक्त महिला सुरक्षित स्थानमा बस्ने अरु महिलाहरुले समेत कसैले कसैको बारेमा जानकारी पाएको हुनु हुदैन भन्ने कुरामा विश्वस्त हुनु पर्दछ । महिला आफैले भन्छिन भने त्यस कुरालाई सबैले सम्मान गर्दै गोप्य राख्ने र बाहिर नल्याउने भन्नेमा सबैलाई सहमत गराउँनु पर्दछ ।

**उदाहरण १ :**

यदि कुनै महिला घरेलु हिंसा, बहुविवाह तथा अन्य विभेद तथा हिंसाबाट पीडित/प्रभावित भई सहयोगको लागी आएमा लैङ्गिक मैत्री समुदायमा आधारित घटना व्यवस्थान तथा प्रेषण प्रणालीले कसरी र कहाँ प्रेषण गर्ने र प्रेषण प्रणालीलाई कसरी व्यस्थापन गर्ने सम्बन्धमा :

पीडित/प्रभावित महिला

| | | |
|---|---|---|
| पिडीत आफै आउँछ | महिला समुहले/प्रहरीले ल्याउँछ ल्याउँछ | मानव अधिकारकर्मी तथा अन्य गैर सरकारी निकायको सहयोगमा आउँछ |

## लैङ्गिक मैत्रि समुदायमा आधारित घटना व्यवस्थान तथा प्रेषण प्रणाली

## Gender friendly Community based case management and referral mechanism

### लैङ्गिक मैत्रि समुदायमा आधारित घटना व्यवस्थापन तथा प्रेषण प्रणालीको भूमिका र जिम्मेवारी

**तत्काल गर्नु पर्ने कार्यहरुः**

१) पिडीतलाई सहजसंग बस्न लगाउने, पानी खान दिने , उसलाई साथमा लिएर आउँने व्यक्तिसंग के भएको हो त्यसबारे साधारण जानकारी लिने, यदि पीडित एक्लै आएको छ भने विस्तारै के भएर आउँनु भएको हो ? भनि प्रश्न गर्ने ।

२) पिडीतलाई लिएर आउँने व्यक्ति तथा पिडीतसंग सहमती लिएर पिडीतलाई गोप्य कोठामा लैजाने । पिडीतको सहमती लिएर उसको नाम, ठेगाना गोप्य रहने छ भन्ने विश्वास दिलाई अभिलेखको प्रयोजनको लागि मात्रै लिएको हो भन्ने प्रष्ट बनाउने र पिडीतलाई तुरुन्तै गर्नु पर्ने चिकित्सकिय सहयोग के छ गर्ने ।

३) विस्तारै पिडीत आश्वस्त भएको अनुभूती भएपछि के भएको हो ? घटनाको बारेमा पूर्ण जानकारी लिने । यसरी लिएको जानकारी पिडीतसंग सहमती लिई पिडित सहमत भएमा घटनाको पूर्ण विवरण टिप्ने ।





- ❖ कानुनी सहयोगका आवश्यकता अनुसार अरु सदस्यहरुसंग सहयोग लिने अगाडि बढ्ने ।
- ❖ आवश्यकता अनुरुप गा वि सका पदाधिकारी /सचिव र स्थानिय इलाका प्रहरीको सहयोग लिने ।
- ❖ पिडीत/प्रभावितको स्वीकृती नलीई उनको घटनाबारे प्रहरी वा अन्य कुनै पनि व्यक्तिलाई जानकारी नदिने । पिडीत/प्रभावितको आवश्यकता अनुरुप उनलाई महिला मैत्रि आवासको व्यवस्था मिलाउने ।
- ❖ महिला मैत्री आवास सेवा प्रदान गर्दा निम्न कुराहरुमा भने ध्यान पुऱ्याउनु आवश्यक हुन्छ
- ❖ पीडितको आवश्यक हेरचाह एवम् संरक्षणको बारेमा सचेत हुने ।
- ❖ पीडितलाई जात, धर्म, रङ्ग, वर्ण, भाषा, लिङ्ग, राजनैतिक, अपाङ्गताको स्थिति वा जन्मको आधारमा कुनै पनि विभेद नगरी समान व्यवहार गर्ने ।
- ❖ पीडितको सहयोगको लागि आवश्यकता अुनसार समुदायमा रहेको समितीसंग समन्व गर्ने ।
- ❖ पीडितको गोपनीयताको अधिकारलाई उच्च प्राथमिकता दिने ।

यदि कुनै घटना समुदाय, स्थानीय स्तरमा रहेका सहयोगी संयन्त्रबाट समाधान हुन नसक्ने, आवश्यक कानुनी कारवाही अगाडि बढाउने परेमा जिल्ला स्थित सहयोगि निकायमा रिफर गर्ने ।

याद राख्नुहोस निम्न घटनामा कुनै पनि हालतमा मध्यस्थता गर्न मिल्दैन :

क) बलात्कार

ख) बेचविखन ओसार पसार

ग) हत्याको प्रयास वा अन्य कुनै पनि पिडीत/प्रभावितले मध्यस्थता गर्न नचाहेको घटनाहरुमा ।

सहयोगी केन्द्रको बारेमा जानकारी दिने र महिला हिंसा सम्बन्धि सूचना प्रवाह गर्ने कार्य समुदाय स्तरमा रहि समुदायमा नै प्रत्यक्ष काम गर्ने सदस्य तथा संस्थाका कर्मचारीहरु, महिला स्वास्थ्य स्वयंम सेविकाहरुले गर्ने छन् । यसका लागि महिला स्वास्थ्य स्वयम सेविकाहरुलाई समेत “लैङ्गिक विभेदमा आधारित हिंसा विरुद्ध” का तालिममा समावेश गर्नु पर्दछ ।

**समितिको काम /कर्तव्यः**

यस समितिमा रहि काम गर्ने सदस्य र सम्बन्धित संस्थाका कर्मचारीहरुले लैङ्गिक हिंसा पीडित/प्रभावितलाई उचित व्यवहार, सहयोग तथा उद्धार गर्ने, प्रभावितको सामाजिक, आर्थिक, सांस्कृतिक अधिकार सुनिश्चित गर्न सहयोग गर्नेका लागि विषयगत तालिम प्राप्त गर्नु पर्दछ ।

**काम/कर्तव्यः**

- ❖ सहयोग माग गर्ने पीडितलाई विना कुनै भेदभाव समानतामा आधारित भई सहयोग वा सेवा प्राप्त गर्ने वातावरण निर्माण गर्ने ।
- ❖ महिलाहरूको अधिकार सुनिश्चितताका लागि लैङ्गिक समानताको सिद्धान्तहरू समुदायमा समुदायकै सक्रियता एवम् अगुवाईमा आत्मसात गराउन क्रियाशिल हुने् ।
- ❖ संस्थाका कर्मचारी तथा समितीका सदस्यहरुको लागि आवश्यक आचारसंहिता (ऋयमभ या ऋयलमगअत० तयार गर्ने र सबैले त्यसको अनिर्वाय पालना गर्ने ।
- ❖ कुनै पनि महिला आफ्नो समस्या लिएर आउन सक्ने छ । कार्यालय समयभित्र आउने महिलालाई महिला समितिका सदस्य मध्यबाट एक जनाले गोप्य तवरले कुराकानी गर्नु पर्नेछ । यसको अभिलेखन राम्रोसंग राख्नु पर्दछ यसलाई अंग्रेजीमा ( History taking) भनिन्छ ।
- ❖ कुराकानीको आधारमा महिलालाई के भएको हो भन्ने जानकारी प्राप्त गरेपछि उनलाई आवश्यक सेवाको व्यावस्थ मिलाउने ।
- ❖ यसका लागि समितीमा भएका सदस्यहरुको सहयोग दिने ।





४) पिडीतलाई यदि कुटपटको भएको हो भने सो को प्रमाण देखीएमा त्यसलाई सहि तवरले अभिलेखीकरण गर्ने । गम्भीर प्रकृतिका चोटपट छ भने प्राथमिक सेवाका लागि स्थानिचिक स्वास्थ्य चौकिमा प्रेषण गर्ने ।

५) यदि घटनाका बाहिरी चोट छैन भने पिडितलाई मनोविमर्शकर्ता कहाँ पठाउँने । मनोविमर्शकर्तासंग कुराकानी पश्चात आवश्यकता अनुरुप सेवाका लागि प्रकृया अगाडी बढाउने ।

६) यदि घटना नागरिकता नभएको कारण, बहुविवाहको कारण वा सम्पत्तिको लेनदेनको कारण भएको हो भने त्यस्ता घटनामा लैङ्गिक मैत्री समुदायमा आधारित घटना व्यवस्थान तथा प्रेषण प्रणालीका सदस्यहरु ले आवश्यक छलफल गरि जिल्ला प्रशासन कार्यालय तथा नजिकको प्रहरी चौकिमा रिफर गरी पठाउँने यसरी पठाउँदा सम्भव भएसम्म व्यवस्थापन समितीका सदस्यहरु बिच छलफल गरि निर्णय गर्ने । यसरी रिफर गरि पठाउँदा सम्भव भएसम्म समितिको एक जना सदस्य वा स्थानिय महिला संस्थाका सदस्यलाई संगै पठाउँनु पर्दछ ।

७) यसरी रिफर गर्दा घटनाको अन्य विवरण गोप्य राखि अन्य आवश्यक विवरण मात्रै पठाउँने ।

८) यदि घटनामा पिडितलाई मनोविमर्शकर्ता गर्दा मात्र हुने छ भने सोहि अनुसार गर्ने ।

**उदाहरण २ :**

यौनिक हिंसा, दुरव्यवहार वा यौन शोषणबाट पीडित/प्रभावित भई सहयोगको लागि आएमा लैङ्गिक मैत्री समुदायमा आधारित घटना व्यवस्थान तथा प्रेषण प्रणालीले कसरी र कहाँ प्रेषण गर्ने र प्रेषण प्रणालीलाई कसरी व्यस्थापन गर्ने ?

कुनै पनि प्रकारका यौनीक हिंसाले महिला तथा बालिकाहरुलाई थप पिडा हुन्छ । कुनै पनि महिला तथा बालिकालाई उसको आफ्नो इच्छा विपरितलाई, फकाई, डराएर वा धम्क्याएर, पिडा दिनु महिलामाथिको यौन हिंसा हो ।

हाम्रो समुदायमा यस्ता हिंसा साना बालिकहरुदेखि वृद्ध महिलासम्म हुने गरेको पाईन्छ । यदि यस्तो घटनाबाट पीडित सहयोगका लागि आएमा सबै भन्दा पहिले उसको स्वास्थ्य जाँच गराउँनु आवश्यक हुन्छ । तर यौनिक हिंसाका अन्य घटनामा भन्दा विशेष सतर्कता अपनाउनु पर्दछ । जस्तैः पिडीतको शरीरको पूर्ण जाँच गर्ने सम्बन्धित निकायमा पठाउँने । यस्तो जाँच गर्दा शरीरका सबै अंगलाई राम्ररी जाँच गरेर कहिकतै भएको सानो चोटपटक सहितको पूर्ण विवरण टिपेको छ कि छैन हेर्ने, उपलब्ध सबै सामग्री सतर्कताका साथ प्रमाणको लागि राख्ने । यौन हिंसा/बलात्कार/यौन शोषणका प्रमाणहरु फरक फरक हुन सक्दछन्, त्यसैले यस्तो जाँचका लागि तालिम प्राप्त चिकीत्सक कहाँ पठाउनु जरुरी हुन्छ । यदि चिकीत्सक पुरुष भए जाँच गर्दा एक जना महिला कर्मचारी जाँचको क्रममा सधै रहनु पर्दछ । जाँच पछि यदि बलात्कार भएको हो भन्ने स्पष्ट भएमा महिल प्रजनन उमेर की छन् भने चिकित्सकले आकस्मीक गर्भ निरोधक साधन दिएको छ कि छैन एकिन गर्ने । लगातार भई रहेको यौन शोषणको घटना छ भने गर्भ रहेको छ छैन भनि जाँच गर्न लगाउने ।

यदि घटनाको बारेमा महिलाले प्रहरीमा उजुरी दिन चाहेमा प्रहरीलाई खबर गर्ने र अनुसन्धानमा आफुसंग भएको प्रमाणहरु उपलब्ध गराई सहयोग गर्ने । घटना व्यवस्थापन इकाईमा छलफल गरेर घटनाको अवस्था हेरी प्रक्रिया अगाडि बढाउने ।

विचार पुऱ्याउनु पर्ने कुराहरुः यसरी पिडीत / प्रभावितको जाँच गर्न वा अन्य सहयोगका लागि सुझाव दिदा मानव अधिकारमुखी दृष्टिकोणबाट गर्नु पर्दछ । पिडीतलाई थप पिडा दिने वा दोषि देखाउने वा कमजोर बनाउने कुनै पनि काम गर्न मिल्दैन ।

यदि कुनै पनि हिंसा पिडीत/प्रभावित व्यक्ति सहयोगका लागि लैङ्गिक मैत्री समुदायमा आधारित घटना व्यवस्थान तथा प्रेषण प्रणालीमा आएमा वा समितीका सदस्यहरुसंग आएमा उनी सम्बन्धित सदस्यले तुरुन्तै सहयोगको प्रकृया माथि उल्लेख गरिए झै चरणवद्ध रुपमा शुरु गर्नु पर्दछ । यसरी चरणवद्ध





अभिवृद्धि र सशक्तिकरण गरी सम्भावित र स्थापित दुवैखाले दोहोरो पनको अन्त्य गरिनेछ ।

**९. प्रचलित कानून तथा निर्देशिकाको पालनाः**

(१) यस प्रेषण मार्गदर्शनको कार्यान्वयनको क्रममा लैङ्गिक हिंसा विरुद्धको कार्यसँग सम्बन्धित प्रचलित कानून तथा नेपाल सरकारबाट जारी भएका निर्देशिका वा आचरण र यस सम्बन्धमा अन्तर्राष्ट्रिय स्तरमा विकास भएका असल अभ्यासहरूलाई समेत अनुकरण गरिनेछ ।

(२) लैङ्गिक हिंसा विरुद्धका कार्यमा अन्तर्राष्ट्रिय स्तरमा विकास भएका असल अभ्यासहरूको वारेमा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले समय समयमा जानकारी गराउनेछ ।

## अनुसूचि : २

## "लैङ्गिक मैत्री समुदायमा आधारित घटना व्यवस्थान तथा प्रेषण प्रणाली

**नमुना** :

**सहयोगी केन्द्रहरुमा निम्न व्यक्तिहरु रहनेछन्** :

- ❖ मानव अधिकारकर्मिहरु
- ❖ जिल्ला समन्वय समिति, महा/उपमहा/नगरपालिका, महिला विकास कार्यालय, सम्बन्धित गाउँपालिकामा काम गर्ने विभिन्न गैर सरकारी संस्थाहरु वा अन्य कुनै संस्थामा कार्यरत व्यक्तिहरु र समुदायले विश्वास गरेको वा समुदायले नै रोजेका व्यक्तिहरु ।
- ❖ मनोविमर्शकर्ता
- ❖ स्थानिय विद्यालयका शिक्षीकाहरु
- ❖ महिला सहकारी संस्थाहरूबाट
- ❖ स्थानीय तहको पदाधिकारी/सचिव
- ❖ ईलाका प्रहरी

(१०) पीडितसँग सोधपुछ वा जाँचबुझ गर्दा निजको कुरालाई ठट्टा मस्करीमा परिणत गर्ने वा निजको धर्मसंस्कृति, परिवारीक तथा आर्थिक अवस्थालाई हाँसोको विषय बनाउनु हुँदैन ।

(११) पीडितलाई कानुनी उपचारमा जाने वा नजाने, आपसी सहमतिमा समस्याको समाधान खोज्ने वा परम्परागत प्रक्रियाबाट समाधान खोज्ने आदि जस्ता विकल्पहरू छान्न दिनु पर्दछ । यसका लागि सबै प्रकारका समाधानका प्रकृयाहरू, ति प्रकृयाहरूसँग जोडिएका सकारात्मकर नकारात्मक दुवै पक्षको बारेमा पीडितले बुझ्ने गरी विस्तृत रूपले पीडितलाई जानकारी दिनु पर्दछ ।

(१२) लैङ्गिक विभेदमा आधारित हिंसाको घटनालाई उद्धार गरिएको ठाउँमा, शरणार्थी शिविर, प्रहरी कार्यालय वा अन्य सरकारी कार्यालयहरूमा परिचय खुल्ने गरी छलफल गर्नु हुँदैन । यदि पीडितको सहयोगको लागि छलफल गर्नै पर्ने भएमा सम्बन्धित निकायमा मात्र गोप्य तरिकाले छलफल गर्नु पर्दछ ।

(१३) लैङ्गिक विभेद विरुद्ध कार्यगर्ने सरोकारवाला निकायहरूले आफ्ना कर्मचारी, स्वंयम सेवकहरूकोलागि आचारसंहिता तयार गरि त्यसको बारेमा सबैलाई स्पष्टरूपमा बुझाई हस्ताक्षर गराई काममा लगाउनु पर्दछ ।

(१४) पीडित जस्तो अवस्थामा रहेकोछ सोहि अवस्थामा सहयोग गर्न सक्ने संयन्त्रको विकास तथा मानव अधिकारका न्यूनतम मापदण्डहरूको अवलम्बन गर्नु पर्दछ ।

**ट. समन्वय, सहयोग र सहकार्य**

(१) लैङ्गिक हिंसा विरुद्धका कार्यको सूचना प्राप्ती एवम् विश्लेषण, अवस्था विश्लेषण, सहयोगको ढाँचा तयार समेतका प्रत्येक चरणमा यस क्षेत्रमा कार्यरत निकाय वा संस्थाहरू विच समन्वय कायम गरी कार्य गरिनेछ ।

(२) लैङ्गिक विभेदमा आधारित हिंसा विरुद्ध कार्यरत सबै सरोकारवालाबीच केन्द्रीयस्तरदेखि स्थानियस्तरसम्म बहुपक्षीय समन्वय, सहकार्य र सहयोगमा आधारित भई आवश्यक संयन्त्र निर्माण, संयन्त्रहरूको क्षमता





रुपमा सहयोगको प्रकृया थालनी गर्नु पुर्व निम्न निर्देशक सिद्धान्तहरुलाई आत्मसाथ गरी व्यवहारमा उर्तानु आवश्यक हुन्छ :

क) पिडीत/प्रभावितको सुरक्षा

ख) पिडीत/प्रभावितको गोपनियता

ग) पिडीत/प्रभावितको आत्मसम्मान

**१४. लैङ्गिक मैत्री समुदायमा आधारित घटना व्यवस्थान तथा प्रेषण प्रणालीका लागि अवलम्बन गर्नु पर्ने सिद्धान्तहरु :**

(१) **अविभेदको सिद्धान्त** : आफ्नो बोली व्यवहार कुनै पनि तरिकाले पिडीलाई विभेद गर्ने किसीमको हुनु हुदैन । उसलाई जातीयताको आधारमा विभेद गरिनु हुदैन, प्रयोग गर्ने भाषा, हाउभाउ, गरिने व्यवहार पिडीतलाई विभेदकारी हुनु हुदैन । पिडीतसंग प्रत्यक्ष रुपमा काम गर्ने व्यक्ति आफ्नो बानी, व्यवहारका सम्बन्धमा विशेष संवेदनशिल हुनु जरुरी हुन्छ ।

❖ पिडीत/प्रभावितको घटनाको बारेमा सकेसम्म कम व्यक्तिलाई जानकारी दिनु पर्दछ । जति कम व्यक्तिले घटनाको बारेमा थाहा पाउँदछ त्यति नै पिडीत/प्रभावितको गोपनियता कायम गर्न सहज हुन्छ ।

❖ पिडीत/प्रभावितलाई सहयोगका लागि अन्य निकायमा रिफर गर्दा हमेशा पिडीत/प्रभावित र उसलाई सहयोग गर्ने सहयोगी व्यक्तिको सुरक्षामा ध्यान पुऱ्याउनु पर्दछ ।

❖ पिडीत/प्रभावितको स्वीकृति विना कुनै पनि घटनामा जिवन रक्षाका उपाय वाहेक अरु कारवाही अगाडी बढाउन मिल्दैन ।

❖ यदि यौन हिंसाको कुनै घटना छ वा यस्तो घटनाको बारेमा जानकारी प्राप्त भएको छ भने सकेसम्म कुराकानीको आधारमा पिडीतलाई उनको शारीरीक जाँच गराउन किन आवश्यक छ ? भन्ने बारेमा जानकारी दिनु पर्दछ । यदि पिडीत जाँच गराउन चाहन्छीन भने (प्राय घटनाहरुमा चाहदैनन्) उसलाई शारीरिक जाँचको लागि चिकीत्सक वा तालिम प्राप्त व्यक्ति कहाँ पठाउँने ।

❖ पिडीत/प्रभावितको स्वास्थ्य जाँच गर्दा स्वास्थ्यकर्मीले गर्ने आदरपूर्ण व्यवहारले पिडीतलाई आफ्नो कुरा राख्न र आफुले न्याय प्राप्त गर्छु भन्नेमा विश्वस्तता पनि हुन्छ । त्यसैले पिडीतसंग अत्यन्तै आदरपूर्ण र विश्वाशीलो व्यवहार गर्ने । पिडीत/प्रभावितको चाहना अनुरुप मनो विमर्श सेवा वा कानुनी सहयोगका लागि पहल गर्ने ।

**विचार पुऱ्याउनु पर्ने कुराहरुः** पिडीतको इच्छा विना कुनै पनि हालतमा पिडीतलाई कानुनी प्रकृयामा जान दबाव दिन मिल्दैन । हिंसा पिडीत महिलाहरु अत्यन्तै दुर्बल मानसिक स्थीतिमा हुन सक्दछन, यो अवस्थामा उनलाई कानुनी प्रकृया वा सेवा दिने व्यक्तिलाई ठिक लागेको कुरा गर्न दबाव दिदा उनलाई आफु अझ कमजोर भएको अनुभूति हुन सक्दछ । म आफु कुनै पनि निर्णय गर्न नसक्ने रहेछु भन्ने लाग्न सक्दछ । यसले उसलाई अझ कमजोर बनाउन सक्दछ ।

**२. मनोविमर्श सेवा :**

पिडीत/प्रभावितलाई मनोविमर्श सेवाको उपलब्धता र त्यसबाट हुन सक्ने फाईदाका बारेमा लैङ्गिक मैत्री समुदायमा आधारित घटना व्यवस्थान तथा प्रेषण प्रणालीबाट पूर्ण जानकारी दिने । यसरी दिने जानकारी अत्यन्तै सरल प्रकारले दिनु पर्दछ । उनलाई मनोविमर्शकर्ता को हो भन्ने थाहा नहुन सक्दछ । उनि डराउन पनि सक्दछिन, आफ्नो गोपनियता भंग होला भन्ने डर लाग्न सक्दछ । त्यसैले सेवा दिने व्यक्तिले यस्तो पिर परेको बेला कुनै विश्वासीलो मानिससंग कुरा गर्दा आफुलाई नै सहज हुन्छ । आफुले के गर्ने भनेमा निर्णय लिन सजिलो हुन्छ । म तपाईलाई एउँटा त्यस्तो विश्वासीलो मानिससंग चिनजान गराउँछु वहाँ संग कुरा गर्दा तपाईलाई सहज हुन्छ, भन्न मन लागे को कुरा मत्रै भन्न सक्नु हुन्छ, भन्न मन नलागेको नभन्द पनि हुन्छ अथवा यसको लागि आफूलाई आवश्यक सहयोग माग्न सक्नु हुन्छ । वहाँसंग तपाईले भनेको कुराहरु गोप्य रहन्छन् । त्यसैले तपाईले चाह्नु हुन्छ भने कुरा गर्नुस भनेर परिचय गराउँदा बढि उपब्धि मुलक हुन्छ ।

त्यस पछि उपब्ध छ भने पिडीतलाई अन्य प्रकारले भावनात्मक तथा मानसिक रुपले सहयोग हुन सक्ने गतिवीधि जस्तै : विभिन्न प्रकारका आयमुलक





**७. सम्मान जनक व्यवहार गर्नेः**

(१) पीडितको इच्छा, चाहना, अधिकार, प्रतिष्ठाको सम्मान हुने वातावरणमा कार्य सम्पदान गर्नु पर्नेछ ।

(२) पीडितसँग सोधपुछ तथा जानकारी लिंदा वा दिंदा निजसँग गोप्य रूपमा गर्नु पर्नेछ ।

(३) पीडित महिलासँग सोधपुछ वा जानकारी लिंदा संभव भएसम्म महिलाले नै लिने व्यवस्था मिलाउनु पर्नेछ । महिलाबाट सोधपुछ वा जानकारी लिन संभव नभएमा पीडित वा पीडितको सहमतिमा कुनै विपरित लिङ्गको व्यक्तिले अर्को एक महिलाको उपस्थितिमा सोधपुछ वा जानकारी लिने व्यवस्था मिलाउनु पर्नेछ ।

(४) पीडित वा निजको व्यक्तिगत व्यवहार, काम, आर्थिक स्थिति तथा अन्य कुनै आधारमा निज उपर कुनै पूर्वाग्रह वा आग्रहको नराखी कार्य सम्पादन गर्नु पर्नेछ ।

५) पीडितले घटनाको बारेमा जानकारी दिन नचाहेमा निजको चाहना विपरित निजबाट जानकारी लिन निजलाई दवाव दिनु हुँदैन । तर लैङ्गिक हिंसाका विरुद्धमा पीडितले प्रचलित कानून बमोजिम उजुरी दिएको अवस्थामा सो उजुरीको लागि निर्धारण गरिए बमोजिमका जानकारी दिनु निजको कर्तव्य हुनेछ । यसप्रकार जानकारी दिने/लिने क्रममा पीडितको गोपनियता, सुरक्षा र भविश्यको बारेमा पीडितलाई आवश्यक जानकारी एवम् सूचना दिनु पर्नेछ ।

(६) सोधपुछ वा अन्य कुनै क्रममा पीडितलाई सान्दर्भिक प्रश्न मात्र सोध्नु पर्नेछ । विभिन्न स्थानमा दोहोराएर सोधपुछ गर्ने कार्य गरिने छैन र निजको कुरामा अरुले सहि गलत भनी छुट्याउन हुदैन ।

(७) पीडितको कुरालाई जहिले पनि ध्यान पूर्वक सुन्नपर्दछ । पीडितलाई कुनै किसिमको दबाव दिएर केहि भन्न लगाउनु हुदैन ।

(८) पीडितको यौन सम्बन्धको बारेमा कसैले पनि कुनै सोधपुछ गर्नु हुदैन । तर स्वास्थ्य जाँचमा आवश्यक पर्ने सोधपुछ गर्न भने सकिनेछ ।

(९) एउटै विषयमा पटक पटक सोधपुछ गर्न पाइने छैन ।

अनुसार निजको परिवारका सदस्य तथा पीडित वा निजको परिवारलाई र अनुसन्धानको क्रममा सहयोग गर्ने व्यक्तिको सुरक्षाको सुनिश्चितता गराउनु पर्नेछ ।

(२) पीडितलाई पीडक वा अन्य कुनै व्यक्तिले थप शारीरिक चोटपटक वा मानसिक यातना, अन्य खतरा वा पीडा दिन नसक्ने कुराको सुनिश्चितता गराउनु पर्नेछ ।

(३) पीडितको सहमतिमा आवश्यकता अनुसार सुरक्षा निकाय वा सेवा केन्द्रबाट संरक्षण प्राप्त गर्नको लागि आवश्यक सहयोग लिन सकिनेछ ।

**६. गोपनियता कायम गर्ने:**

(१) पीडित, उसको परिवारका सदस्य र अनुसन्धानको क्रममा सहयोग गर्ने व्यक्तिको गोपनीयताको सम्मान संरक्षण गर्नु पर्नेछ ।

(२) पीडितको सहमतिमा मात्र उसको घटनाबारे अन्य व्यक्ति वा निकायहरुलाई जानकारी उपलब्ध गराउने ।

(३) पीडितको लिखित सहमतिमा मात्र पीडितको नाम उल्लेख गरीनु पर्ने छ । तर प्रचलित कानून बमोजिम त्यस्तो जानकारी उपलब्ध गराउनु पर्ने व्यक्ति वा निकायकरुलाई त्यस्तो जानकारी गोप्य रहने गरी उपलब्ध गराउन बाधा पर्ने छैन ।

(४) लैङ्गिक विभेदमा आधारित हिंसासम्बन्धी घटना तथा पीडितसँग सम्बन्धी लिखित कागजातहरु गोपनियता कायम गरी राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(५) कुनै निकाय वा संस्थाले लैङ्गिक विभेदमा आधारित हिंसाका घटनासम्बन्धी सूचना, प्रतिवेदन, तथ्यांक वा अन्य कुनै प्रकारको जानकारी सार्वजनिक गर्नु पर्दा पीडितको पहिचान हुन सक्ने नाम तथा अन्य विवरण हटाई अन्य जानकारी त्यस्तो निकाय वा संस्थाले सो कार्यको लागि अधिकार दिएको अधिकृतले मात्र सार्वजनिक गर्न सक्नेछ ।

(६) स्थानीय स्तरमा कार्यरत निकाय वा संस्थाले लैङ्गिक विभेदमा आधारित हिंसाका घटना तथा पीडितसँग सम्बन्धी जानकारीको गोपनियतालाई कायम राखी समाधानको लागि पहल गर्नु पर्नेछ ।





कार्यक्रम, प्रौढ शिक्षा, चित्र बनाउने, सिलाई बुनाई गर्ने, तरकारी खेती गर्ने, महिला स्वास्थ्य शिक्षा केन्द्रहरु जस्ता ठाउँ तथा कार्यसंग आवद्ध गराउनु पर्दछ ।

**३. कानुनी तथा न्यायका लागि सहयोग :**

पिडीत/प्रभावितलाई उनका लागि के कस्ता कानुनी सहयोगहरु उपलब्ध छन जानकारी दिने ।

यसरी जानकारी दिदा घटनाको प्रकृती अनुरुप कस्ता घटनालाई संवोधन गर्ने कस्ता कानुनी प्रावधानहरु छन, तिनका फाईदा बेफाईदाका बारेमा सकेसम्म बढि जानकारी दिने । पिडीतको रुचीलाई केन्द्रमा राख्दै उनको चाहना अनुरुप कानुनका बारेमा जानकारी दिने । यसको लागि सरकारी वकिल, पारालिगल कमिटीका सदस्य, मानवअधिकार संजाल आदिबाट सहयोग लिनु पर्दछ ।

यदि उनी कानुनी प्रकृयामा जान चाहन्छीन भने उनलाई घटनाको प्रकृती अनुसार कानुनी प्रकृया अगाडी बढाउन सहयोग गर्ने ।

लैङ्गिक मैत्रि समुदायमा आधारित घटना व्यवस्थान तथा प्रेषण प्रणालीसंग सम्बन्धित समितीका सबै सदस्यहरुलाई लैङ्गिक हिंसा तथा कानुनी व्यवस्था विषय तालिमहरु अनिवार्य दिनु अत्यन्तै जरुरी हुन्छ । यस्तो तालिममा निम्न विषयवस्तुहरु अनिर्वाय समावेश गरिनु पर्दछ :

क) लिङ्ग र लैङ्गिक

ख) लैङ्गिक विभेदमा आधारित हिंसाका प्रकार र यसले पर्ने असर तथा प्रभाव

ग) लैङ्गिक हिंसाका प्रभावितहरुसंग गर्नु पर्ने व्यवहार

घ) लैङ्गिक मैत्रि समुदायमा आधारित घटना व्यवस्थान तथा प्रेषण प्रणाली समितीका सदस्यहरुको भूमिका र जिम्मेवारी

ङ) लैङ्गिक हिंसा रोकथाम तथा सम्बोधनका लागि सरोकारवालहरुको जिम्मेवारी

च) घरेलु हिंसा

छ) यौन शोषण, बाल यौन दुरव्यवहार, बलात्कार

ज) घटना व्यवस्थापन र निर्देशक सिद्धान्त

झ) मानवअधिकार

**ञ) भावनात्मक र मनोसमाजिक प्रतिकृया**

**ट) सुरक्षा र न्यायीक प्रतिकृया**

१५. **प्रेषण प्रणाली मार्गदर्शनको आवश्यक परिमार्जनको व्यवस्था** : यो प्रेषण प्रणालीका लागि तयार गरिएको मार्गदर्शन लागू भएको प्रत्येक (दुई वर्षमा) वा आवश्यकता र विगतको सिकाईको आधारमा यसको प्रत्यक्ष कार्यन्वयन गर्ने सरकोकारवालाको अनुभव र सुझावको आधारमा कालिका नगरपालीकाको नगर कार्यपालिकाले आवश्यक परिमार्जन गर्न सकिने छ ।

१६. **सम्झौता** : यस प्रेषण प्रणाली मार्गदर्शनमा उल्लेख गरिएका कुराहरु पालान गर्ने सम्बन्धमा अनुसूचिमा राखिएको नमुना सम्झौता पत्र बमोजिमको ढाँचामा प्रतिवद्धता व्यक्त गर्नु पर्नेछ ।

१७. **जानकारी गराउने**: यस प्रेषण प्रणालीको बारेमा समुदाय स्तरदेखि केन्द्रिय स्तरसम्म रहेका सम्बन्धित सरोकारबालाहरूलाई जानकारी गराउनु पर्नेछ ।

१८. **बचाउ, खारेजी सम्बन्धी व्यवस्था** : (१) यो मार्गर्दशन नेपालको संविधान, संघीय कानुन, प्रादेशिक कानुन र अन्य प्रचलित कानुनसँग बाझिएमा बाझिएको हदसम्म स्वत: बदर हुनेछ ।

(२) यो मार्गदर्शनको अन्तिम व्याख्या गर्ने अधिकार नगर कार्यपालिकामा निहित हुनेछ ।





**अनुसूचि : १**

- नेपाल सरकारको लैङ्गिक हिंसा विरुद्ध कार्यसंचालन कार्यविधी २०६८ (SOP) मा उल्लेख गरिएका निर्देशक सिद्धान्तहरु : लैङ्गिक विभेदमा आधारित हिंसा पिडीत/प्रभावितहरुसँग कार्य गर्ने सरकारी तथा गै.स.स.हरु, महिला हिंसा विरुद्ध कियशिल व्यक्तिहरुले देहायका सिद्धान्तको आधारमा पीडितलाई सहयोग तथा सेवा उपलब्ध गराउने वा त्यस्ता सेवाहरु कहाँ कहाँ छन, त्यहाँसम्म कसरी पुग्ने, त्यहाँबाट प्रदान गरिने सेवाले नभएमा कहाँ कहाँ जान सकिन्छ भन्ने जस्ता कुराहरु पीडितलाई स्पष्टसैग जानकारी गराई सहयोग गर्नको लागि विषयगत तालिम प्राप्त कर्मचारीबाट जिम्मेवारी पूर्वक कार्य सम्पादन गर्न सकिने छ । यसको लागि निम्न कुरामा ध्यान दिनु आवश्यक हुन्छ:
- सहयोगको लागि आएका पीडितलाई विना कुनै भेदभाव समानतामा आधारित भएर सहयोग गर्ने वा सेवा दिने ।
- महिलाको अधिकारको संरक्षण एवम् सम्मान सुनिश्चितताका लागि लैङ्गिक समानता र समान शक्ति सम्बन्धका सिद्धान्तहरू समुदायीक स्तरदेखि केन्द्रियस्तर सम्मका सबै सरोकारवाला निकायहरुको क्रियाशिल रहने ।
- सेवा दिएको वा प्रेषण गरिएका घटनाहरुको अनुगमन एवम् मूल्याङ्कनका हरेक चरणमा समुदायस्तरमा रहेका समितीहरुको समेत सहभागिता गराउँदै सबै सरोकारवालको सहभागिता सुनिश्चित गर्ने ।
- सेवा दिन, प्रेषण गर्ने र त्यसको अनुगमन गर्ने चरणसम्मको गतिविधीहरुमा प्रेषण प्रणाली प्रभावकारी बनाउनको लागि सबै सरोकारबालाहरुले जिम्मेवार र उत्तरदायित्व सुनिश्चित गर्ने ।
- प्रेषण प्रणालीमा संलग्न कर्मचारी, स्वयंसेवक तथा अन्य सम्पूर्ण सम्वद्ध व्यक्तिहरूको लागि आचारसंहिता (Code of Conduct) को तयार गरि यसको प्रभावकारी कार्यन्वयको निश्चित गर्ने ।

५. **पीडितको सुरक्षाको सुनिश्चितता गरिने:**

(१) पीडितसँग काम गर्ने व्यक्ति वा संस्थाले सदैव पीडित, आवश्यकता